**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**शिक्षा तालिम केन्द्र**

**बामगती प्रदेश, काभ्रेपलाञ्चोक**

**सूचनाको हक सम्वन्धी ऐन २०६४ दफा ५ (३) र नियमावली २०६५ को नियम ३ बमोजिम अद्यावधिक गरिएका सूचनाहरु**

**१. निकायको स्वरुप र प्रकृति**

वि.सं. २०५० सालमा स्थापित शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत वि.सं. २०५३ सालमा प्राथमिक शिक्षकहरुलाई तालिम दिने उद्देश्यले देशभर ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना गर्ने क्रममा शिक्षा तालिम केन्द्र धुलिखेलको स्थापना भएको हो । वि.सं. २०६१ सालमा प्राथमिक शिक्षकहरुलाई तालिम दिदै आइरहेको प्राथमिक शिक्षक तालिम केन्द्रलाई नाम परिवर्तन गरी शैक्षिक तालिम केन्द्र 'क' बनाईयो । त्यसैताका साविकमा रहेका माध्यमिक शिक्षा विकास एकाइ (सेडु) हरुलाई शैक्षिक जनशक्ति विकास केन्द्र मातहत रहने गरी २० ओटा शैक्षिक तालिम केन्द्र 'ख' तथा ५ उपकेन्द्रका रुपमा पुर्नस्थापित गर्यो । नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरुपको व्यवस्था भए बमोजिम २०७४ सालमा प्रदेश सरकार गठन भएको हो । प्रदेश सरकार गठन भएपछि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मातहतमा शिक्षा तालिम केन्द्रको रुपमा स्थापना भई सञ्चालनमा रहेको छ । हाल यस तालिम केन्द्रले वागमती प्रदेश र बागमती प्रदेश भित्रका स्थानीय तहमा शिक्षा क्षेत्रमा कार्यरत जनशक्ति र विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको वृत्ति विकाससम्बन्धी तालिम कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । बिषयगत तथा जेनेरिक रुपमा शिक्षक पेशागत विकास(TPD) प्रमाणिकरण तालिम, प्रधानाध्यापकहरुका लागि नेतृत्व क्षमता विकास तालिम, शिक्षक पुनर्ताजगी तालिम कार्यक्रमहरु एवम् रा.प.अनं.प्रथम श्रेणी(नेपाल शिक्षा सेवा,शिक्षा प्रशासन समूह) पाँचौ तह, प्राविधिक सहायकहरुको (३० कार्यदिने) शैक्षिक प्रशासन सम्बन्धी सेवाकालीन तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गर्दै आएको यस तालिम केन्द्रले आफ्नो सेवा क्षेत्रका विद्यालयहरुका स्थलगत अवलोकन, अध्ययन, अनुगमन तथा शिक्षकहरुलाई प्राविधिक सहायता प्रदान गर्ने जस्ता कार्यहरु पनि गर्दै आईरहेको छ ।

**२. केन्द्रको काम, कर्तव्य र अधिकार**

प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालय अन्तर्गत रहने गरी शिक्षा तालिम केन्द्रको स्थापनाको औचित्यलाई दृष्टिगत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघ स्तरमा रहेका निकायहरुको कार्य विवरणसँग नबाँझिने गरी देहायका कार्य विवरण निर्धारण गरिएको छ ।

क) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण अनुसार शिक्षक तथा कर्मचारीको क्षमता विकासका कार्यहरु

ख) पाठ्यक्रम सम्बद्ध अध्ययन अनुसन्धान तथा पाठ्यक्रम कार्यान्वयन अनुगमन व्यवस्था

ग) पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयनका लागि तालिम सञ्चालन

घ) प्रदेश तथा स्थानीय तहसंग पाठ्यक्रम सम्बद्ध क्रियाकलापमा समन्वय, क्षमता विकास र प्राविधिक सेवा प्रवाह

ङ) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम तथा मानव संसाधन विकासको क्षेत्रमा मन्त्रालयको नीतिको कार्यान्वयन

च) शैक्षिक तालिम कार्यक्रम तथा निकायहरुको तोकिएको मापदण्ड अनुसार सम्बन्धन, प्राविधिक सहयोग, समन्वय, अनुगमन तथा नियमन

छ) शिक्षक विकासका लागि प्रदेश तहमा मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यहरु

ज) विभिन्न तहमा शैक्षिक गुणस्तरका लागि शैक्षिक सामग्रीको सूची विकास, तालिम पाठ्यक्रम तथा सन्दर्भ सामग्री विकास र प्रमाणिकरण तालिम सामग्री उत्पादन तथा वितरण सम्बन्धी कार्य

झ) शिक्षक तालिम मान्यता तथा समकक्षताका कार्य

ञ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

**३. निकायमा रहने कर्मचारी संङ्ख्या र कार्य विवरण**

केन्द्रमा रहेको कर्मचारी दरबन्दी सङ्ख्या

| क्र सं | पदनाम श्रेणी | तह | सेवा, समूह र उपसमूह | दरबन्दी |
|---|---|---|---|---|
| १ | तालिम प्रमुख | अधिकृतस्तर ९/१० | शिक्षा, शिक्षा प्रशासन | १ |
| २ | शाखा अधिकृत | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्रशासन | १ |
| ३ | प्राविधिक अधिकृत (अङ्ग्रेजी) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (अङ्ग्रेजी), | १ |
| ४ | प्राविधिक अधिकृत (नेपाली) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (नेपाली), | १ |
| ५ | प्राविधिक अधिकृत (गणित) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (गणित), | १ |
| ६ | प्राविधिक अधिकृत (विज्ञान) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (विज्ञान), | १ |
| ७ | प्राविधिक अधिकृत (सामाजिक अध्ययन) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (सामाजिक अध्ययन), | १ |
| ८ | प्राविधिक अधिकृत (शारीरिक शिक्षा) | अधिकृतस्तर ७/८ | शिक्षा ,शिक्षा प्र (शारीरिक शिक्षा) | १ |
| ९ | सहायक/अधिकृत | स.५/अ.६ | शिक्षा शिक्षा प्रशासन | २ |
| १० | सहायक/अधिकृत | स.५/अ.६ | प्रशासन सामान्य प्रशासन | १ |

| | | | | |
|---|---|---|---|---|
| ११ | लेखापाल | स.५/अ.६ | प्रशासन लेखा | १ |
| १२ | स.कम्प्युटर अपरेटर | स.४५/ | विविध | १ |
| १३ | ह.स.चा. | तहविहीन | मेकानिकल इन्जिनियरिङ | १ |
| १४ | कार्यालय सहयोगी | तहविहीन | प्रशासन | ३ |
| **जम्मा** | | | | **१७** |

## ४. निकायबाट प्रदान गरिने सेवा

- प्रधानाध्यापक शैक्षिक  व्यवस्थापन तालिम १ महिने र पुनर्ताजगी तालिम
- शिक्षा सेवाका प्राविधिक सहायकहरुको ३० कार्य दिने  शैक्षिक व्यवस्थापन सेवाकालिन तालिम
- प्रारम्भिक बाल शिक्षकहरुको लागि पेशागत विकास तालिम
- आधारभूत तह ( कक्षा १ - ५ )  का शिक्षकहरुको पेशागत विकास तालिम   १ महिने
- आधारभूत तह ( कक्षा ६- ८ )  का शिक्षकहरुको पेशागत विकास तालिम   १ महिने
- माध्यमिक तह (कक्षा ९ - १२ )  का शिक्षकहरुको लागि पेशागत विकास तालिम  १ महिने
- आधारभूत र माध्यमिक तहका शिक्षकहरुको लागि पुनर्ताजगी/कष्टमाइज  तालिम
- प्राविधिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयका प्रशिक्षक  र सहायक प्रशिक्षकहरुको लागि तालिम
- शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता विकाससँग सम्वन्धित तालिम।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र स | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | तालिम शाखा | कृष्ण भुजेल  अधिकृतर आठौँ  (गणित)<br>विष्णुमाया सापकोटा  अधिकृतर सातौँ (सामाजिक अध्ययन)<br>किरण लेखक  अधिकृतस्तर  सातौँ (विज्ञान) |
| २ | योजना तथा अनुगमन शाखा | लोक बहादुर वाइवा  अधिकृतर आठौँ<br>नवराज नेपाल  अधिकृतर आठौँ (स्वास्थ्य तथा शारीरिक) |
| ३ | लेखा फाँट | गुणराज राई अधिकृतर छैठौँ |
| ४ | प्रशासन फाँट | शेषमणि खतिवडा अधिकृतर छैठौँ<br>राजेन्द्र न्योपाने  कम्प्युटर अपरेटर<br>कालु तामाङ हलुका सवारी चालक<br>जुनू तामाङ  कार्यालय सहायक<br>बुनु तामाङ कार्यालय सहायक<br>ज्ञानीमाया तामाङ कार्यालय सहायक |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र स | सेवा | दस्तुर | अवधि |
|---|---|---|---|
| १ | टिपिडि प्रमाण पत्र<br>**आवश्यक कागजात**<br>• सम्बन्धित तहको नियुक्तिको प्रतिलिपि<br>• नागरिकताको प्रतिलिपि<br>• पुराना लव्धाङ्कपत्रको प्रतिलिपि<br>• निवेदन<br>• PP size को फोटो- १ | निः शुल्क | सोही दिन |
| २ | तालिम र सभा हलको प्रयोग | रु ३०००। | प्रतिदिन |
| ३ | आवास सुविधा | केन्द्रको तालिममा  सहभागी (प्रति वेड प्रति दिन रु  ७५।) र अन्यको हकमा  प्रति वेड प्रति दिन रु  १००। डिलक्स रुम प्रति दिन रु ५०० | |
| ४ | शिक्षकको पेशागत विकास तालिम/पुनर्ताजगी/कष्टमाइज तालिम | निः शुल्क | तोकिए बमोजिम |
| ५ | प्रदेश भित्र शिक्षा क्षेत्रमा कर्मचारीहरुको क्षमता विकास सम्वन्धी तालिम | निः शुल्क | तोकिए बमोजिम |

### ७. निर्णय गर्ने प्रकिया र अधिकारी

निर्णय प्रक्रियाः सम्वन्धित शाखाबाट टिप्पणी मार्फत उठान

निर्णय गर्ने अधिकारीः तालिम प्रमुख

### ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रदेश सचिवः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश

### ९. सम्पादन गरेको कामको विवरण

**क) आर्थिक वर्ष २०७७।०७८ मा सम्पादन गरिएका प्रमुख कार्यहरु**

- कोरोनाको महामारीका अवस्थामा Online पद्धतिमा आधारित तालिम सञ्चालन
- तालिममा शिक्षक र कर्मचारीहरुको सहभागिताका लागि सम्बद्ध पक्षले सहयोग प्राप्त गर्न सफल
- असल अभ्याससहितको लामो शिक्षण अनुभव भएका रोष्टर प्रशिक्षकबाट आमनेसामने र अनलाइन पद्धतिमा तालिम प्रभावकारी रुपमा सञ्चालन भएको
- शिक्षक र विद्यालयले चाहना गरेका स्थानमा आमनेसामने पद्धतिमा तालिम सञ्चालन गर्दा शिक्षकहरुको सक्रियता बढी भएको
- शिक्षा तालिम केन्द्रका तालिम हललाई समसामयिक किसिमले अद्यावधिक गर्दा तालिमको प्रभावकारिता बढेको पाइएको
- कस्टमाइज शिक्षक तालिम प्रदेशका १३ ओटै जिल्लाहरुमा सञ्चालन गरिएको
- शिक्षक तालिम सञ्चालनका सम्बन्धमा सङ्घीय निकायहरु र स्थानीय तहसँग समन्वय र सहकार्य बढाएको
- छोटो समयको सूचना र तयारीमा पनि तालिम कार्यक्रमहरुमा शिक्षकहरुको सहभागिता र सक्रियता उल्लेख्य भएको
- शिक्षणसिकाइ कार्यकलापमा सूचना र सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षक तालिममा शिक्षकहरुको चासोपूर्ण सहभागिता बढाउन सफल भएको
- कार्यसम्पादनका क्रममा Teamwork कार्य संस्कारको विकास गरिएको
- विद्यालयको स्थलगत भ्रमणका क्रममा योग, ध्यान, प्राणायाम र यौगिक कार्यकलापहरु विद्यालयहरुमा शिक्षक, विद्यार्थी र अभिभावकहरुमा अभ्यास गराइएको पाइएको
- माध्यमिक तहका र आधारभूत तह कक्षा ६-८ का अनिवार्य विषय, कक्षा १-५ को जेनेरिक, बालविकास केन्द्र र विशेष शिक्षाका शिक्षकहरुको पुनर्ताजगी तालिमका लागि पाठ्यक्रम तयार
- माध्यमिक तह कक्षा ९-१० का अंग्रेजी, गणित, विज्ञान, नेपाली, सामाजिक र आइसिटीको तालिम स्रोत सामग्री विकास
- प्रदेश स्तरीय शिक्षा तालिम नीति र शिक्षक समक्षताको मस्यौदा तर्जुमा
- विषय विज्ञ तथा रोष्टरहरुको सूचि तयार गरिएको
- विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालन
- सामाजिक विषयको विषयगत प्रयोगशाला स्थापना र सञ्चालन
- अनलाइनमार्फत सञ्चालन हुने तालिमलाई सहज बनाउन स्टुडियो को स्थापनाका लागि प्रारम्भिक कार्य शुरु गरिएको
- केन्द्रको वेवसाइटको स्तरोन्नति र प्रयोगमा वृद्धि
- तालिममा सहभागी शिक्षकहरुलाई Asynchronous Mode बाट समेत सकृय गराउन Learning Management System (LMS) को रुपमा Moodle को प्रयोग तथा क्षमता विकास
- तालिम प्राप्त शिक्षकहरुको विवरण Digitalize गरी अध्यावधिक गरी राख्न Teacher Training management Information System (TTMIS) को विकास तथा प्रयोग ।

### १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

क) सूचना अधिकारीः लोक बहादुर वाइवा

ख) केन्द्र प्रमुखः खुविराम अधिकारी

### ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- शिक्षकको पेशागत विकासको प्रारुप २०७२

### १२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**आर्थिक वर्ष २०७७।०७८**

क) राजस्वः

ख) भौतिक र वितिय प्रगती विवरण

भौतिक प्रगती ७०.१२%

वित्तीय प्रगती ५२.६७%

### १३. अघिल्लो आर्थिक वर्षको कार्यक्रम विवरण

**१४.  केन्द्रको वेवसाइट विवरण**

**http://etc.mosd.bagamati.gov.np/**

**१५.  वैदेशिक सहायता, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण**

उल्लेख गरिए अनुसारको सहायता, ऋण, अनुदान, प्राविधिक सहयोग र सम्झौता कुनै पनि नभएको ।

१६.  वर्गिकरण तथा संरक्षण गरिएको सूचनाको नामावली र सूचना संरक्षणका लागि तोकिएको समयावधिः नगरिएको ।

१७.  सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः नभएको ।

हालसम्म कुनै पनि नेपाली नागरिकले यस केन्द्रसंग सम्बन्धित सूचना माग निवेदन पेश गरेको नदेखिएको ।

**१८.  अन्यत्र प्रकाशन भएको सूचना विवरण**

क.  वार्षिक स्थिति तथा प्रगति विवरण

ख.  तालिममा सहभागीका लागि डिजिटल सूचना (Google form) प्रकाशन

ग.  TPD नतिजा वेवसाइटमा नियमित प्रकाशन

घ.  टेन्डर सम्बन्धी सूचनाहरु विभिन्न पत्रिकामा प्रकाशन

ङ.  सूचि दर्ता सम्बन्धी कार्यालयको सूचना पाटी तथा वेवसाइटमा सूचना प्रकाशन

च.  केन्द्रको परिचय, कार्य विवरण, साँगठनिक संरचना तथा दरबन्दी तेरिज र केन्द्रको आफ्नो प्रयासमा प्रकाशन भएका शिक्षक तालिम स्रोत सामग्री र तालिम पाठ्यक्रमहरु वेवसाइटमा राखिएको ।